# कालिमाटी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## रामपुर, सल्यान
## कर्णाली प्रदेश, नेपाल ।

पत्र संख्याः २०८२/०८३ (प्रशासन) मितिः २०८३/०३/२५

चलानी नं. ने.सं.- ११४६, तछलागा ९ बिहिवार

### सेवा करार मार्फत पदपूर्ति गर्ने सम्बन्धी सूचना ।।
### (प्रथम पटक प्रकाशित मिति २०८३/०३/२५ गते)
### सूचना नं. ७६-२०८२/८३

यस कार्यालयको मिति २०८३/०३/२५ गतेको निर्णयानुसार तपसिल बमोजिमको पदमा खुला प्रतिस्पर्धाबाट सेवा करारमा पदपूर्ति गर्नुपर्ने भएकोले निम्न योग्यता पुगेका इच्छुक नेपाली नागरिकले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र (कार्यालय समय भित्र) माग बमोजिमका विवरण र तोकिए बमोजिमको राजस्व तिरेको रसिद सहित यस कार्यालयमा दरखास्त पेश गर्नुहुन सम्बन्धित सबैका लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपसिलः

१ .माग गरिएको पदको विवरणः

| क्र.सं. | विज्ञापन नं. | पद | तह | माग संख्या | दरखास्त दस्तुर |
|---|---|---|---|---|---|
| १. | ०८-२०८२/८३ | नागरिक सहायता कक्ष सहजकर्ता | सहायकस्तर चौथो | १ | रु. ५००।- |
| २. | ०९-२०८२/८३ | हेभी (ब्याक्हो लोडर) सवारी चालक | तहविहिन | १ | रु. ४००।- |
| ३. | १०-२०८२/८३ | कार्यालय सहयोगी | तहविहिन | ३ | रु. ३००।- |

२. आवश्यक न्यूनतम योग्यता, अनुभव र सीपः

क. नेपाली नागरिक ।

ख. दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पुरा भई ३५ वर्ष (महिलाको हकमा ४० वर्ष) ननाघेको हुनुपर्नेछ तर हेभी (ब्याक्हो लोडर) सवारी चालकको हकमा २१ वर्ष पुरा भई ४० वर्ष ननाघेको हुनुपर्ने छ ।

ग. प्रचलित कानून बमोजिम अयोग्य नभएको ।

- नागरिक सहायता कक्ष सहजकर्ताको लागि शैक्षिक योग्यता, अनुभव र सीपः

क. मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तिमा एस.एल.सी. वा सो सरह उतिर्ण गरेको ।

ख. सेवाग्राहीसँग नम्र र स्पष्ट रुपमा सञ्चार गर्न सक्ने ।

-हेभी (ब्याक्हो लोडर) सवारी चालकका लागि शैक्षिक योग्यता, अनुभव र सीपः

क. मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तिमा कक्षा ८ (आठ) उतिर्ण गरेको ।

ख. हेभी (ब्याक्हो लोडर) सवारी चालक लाइसेन्स प्राप्त गरेको ।

- कार्यालय सहयोगीका लागि शैक्षिक योग्यता, अनुभव र सीपः

क. मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तिमा कक्षा ८ (आठ) उतिर्ण गरेको ।

३. दरखास्त दिने स्थानः कालिमाटी गाउँ कार्यपालिकाको कार्यालय (प्रशासन शाखा) रामपुर, सल्यान ।

४. दरखास्त दिने अन्तिम मितिः २०८३/०३/३१ गते कार्यालय समयभित्र । यदि दरखास्त पेश गर्ने अन्तिम दिनमा सार्वजनिक विदा परेमा सोको भोलिपल्ट कार्यालय समयभित्र ।

५. छनौटको किसिमः प्रारम्भिक योग्यताक्रमको सूचि प्रकाशन, लिखित परिक्षा र अन्तरवार्ता ।

६. आवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरुः आवेदक स्वयंले प्रमाणित गरेको देहाय बमोजिमका कागजातको प्रतिलिपिहरु

क. नेपाली नागरिकताको प्रमाणपत्र    ख. न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र

ग .अनुभव भए सोको कागजात    घ. पासपोर्ट साईजको फोटो २ प्रति ।

७. सेवा सुविधा तथा अन्यः गाउँ कार्यपालिकाको कार्यालयले तोके बमोजिम ।

..............................

हर्क बहादुर वली

प्रमुख प्रशासकीय अधिकृत

(नोटः आवेदन फारम कालिमाटी गाउँ कार्यपालिकाको कार्यालय प्रशासन शाखा तथा कार्यालयको वेबसाइट www.kalimatimun.gov.np बाट प्राप्त गर्न सकिनेछ ।)

बोधार्थः

श्री सूचना प्रविधि अधिकृत ज्यू, कालिमाटी गाउँ कार्यपालिकाको कार्यालय, रामपुर, सल्यान ।(सूचना कार्यालयको वेबसाइटमा प्रकाशित गर्नुहुन ।)

CS Scanned with CamScanner